UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

**प्रेस वक्तव्य**

## नेपालले आफ्नो शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघलाई गरेको अनुरोधका सम्बन्धमा महासचिवको प्रतिवेदन

**५ मे २०१०**

महासचिवले सुरक्षा परिषद्मा प्रस्तुत गर्ने नेपालको शान्ति प्रक्रियाको अद्यावधिक विवरण तथा अन्मिनका गतिविधिसहित नेपालका लागि संयुक्त राष्ट्रसंघीय मिसन (अन्मिन)को कामसम्बन्धी प्रतिवेदन (एस/२०१०/२१४) आज सार्वजनिक गरिएको छ।

सन् २०१० को जनवरीमा सुरक्षा परिषद्मा महासचिवद्वारा प्रस्तुत प्रतिवेदन पछि शान्ति प्रक्रियाको बाँकी रहेका मुख्य कामहरूमा खासै प्रगति हुन सकेको छैन।माओवादी सेनाका सदस्यहरूको समायोजन तथा पुनर्स्थापना, नयाँ संविधानका केही महत्वपूर्ण पक्ष र सत्ता साझेदारीसम्बन्धी विवादलाई आपसी अविश्वास, अपर्याप्त राजनीतिक इच्छाशक्ति र विगतमा भएका सम्झौताको कमजोर कार्यान्वयन संयन्त्रले थप जटिल बनाएको छ। मे २८ मा नयाँ संविधान जारी गर्न नसकिएको खण्डमा त्यसबाट उत्पन्न हुनसक्ने गम्भीर राजनीतिक तथा संवैधानिक संकटले चिन्तित तुल्याउनुका साथै त्यसबाट विस्तृत शान्ति प्रकिया र यसका घोषित लक्ष्यलाई शान्ति सम्झौता विरोधी शक्तिहरूबाट नयाँ चुनौतीहरू आउन सक्ने संभावना टड्कारो बनाएको छ।द्वन्द्वको अवधिमा र द्वन्द्वपश्चात भएगरेका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा दण्डहीनताको सम्बोधन गर्ने काममा असफलतालगायत नेपालको शान्ति प्रक्रियाका विभिन्न चुनौतीहरूलाई पनि प्रतिवेदनले उल्लेख गरेको छ।

महासचिवले बाँकी रहेका राजनीतिक गतिरोध यथाशीघ्र समाप्त गर्नका लागि सरकार र पक्षहरूलाई अपिल गर्दै विद्यमान प्रतिबद्धताहरू प्रतिको निष्ठा र सम्झौतावार्ताबाट तय गरिएको राजनीतिक समाधानले मात्र मुलुकको भविष्यका लागि सन्तोषजनक उपलब्धि दिन सक्ने कुरामा जोड दिनु भएको छ।

माओवादी सेनाका सदस्यहरूको रेखदेख, समायोजन र पुनर्स्थापनाको जिम्मेवारी पाएको विशेष समिति यससम्बन्धी कार्ययोजनामा सहमतिमा पुग्न सकेको छैन।यो काम २८ मे सम्ममा सकिने अपेक्षा गरिएको थियो र यसैका आधारमा १५ मे २०१० का लागि अन्मिनको कार्यादेश थपका लागि अनुरोध गरिएको थियो जसलाई सुरक्षा परिषद्ले स्वीकार गरेको थियो।प्रतिवेदनले माओवादी सेनाका पूर्व सदस्यहरूको समायोजन तथा पुनर्स्थापनाका

लागि विस्तृत, यथार्थपरक र राम्ररी तयार गरिएको योजनाको आवश्यकतामा जोड दिँदै यसमा सहयोग गर्न अन्मिन तत्पर रहेको कुरालाई पुनःपुष्टि गरेको छ।

सुरक्षा परिषद्ले अन्मिनको बहिर्गमन रणनीति तयार गर्नका लागि पक्षहरूलाई उपायहरू सोच्न प्रोत्साहन गरेपछि र प्रस्ताव १९०९ अनुसार अन्मिनले तीन राजनीतिक दलका वरिष्ठ नेताहरूसँग अन्मिनलाई दिइएको भूमिका हस्तान्तरण गर्ने विकल्पहरूको सम्बन्धमा लामा परामर्शहरू गर्‍यो। यी छलफलहरूबाट नेपालले आफैँ सञ्चालन गरेको शान्ति प्रक्रियामा पक्षहरूले अन्मिनको सहयोग निरन्तर चाहेको स्पष्ट भयो।दुःखको कुरा, यससम्बन्धमा कुनै औपचारिक सन्देश प्राप्त भएको छैन तर पक्षहरूसँगको परामर्शमा नेपाल सरकारले अन्मिनको कार्यादेश थप गर्न अनुरोध गरेको खण्डमा महासचिवले त्यसलाई सकारात्मक प्रतिक्रिया दिन सुरक्षा परिषद्लाई सिफारिस गर्नुहुनेछ। यस्तो खालको अनुरोधमा शान्ति प्रक्रियामा तीव्र प्रगति गर्न तथा मिसनको कार्यादेश पूरा गर्नका लागि अन्मिनले सहयोग सुदृढ गर्नुपर्ने क्षेत्रका सम्बन्धमा स्पष्ट सङ्केतको अपेक्षा उहाँले गर्नुभएको कुरामा महासचिवले जोड दिनु भएको छ।

नयाँ संविधान जारी गर्ने तथा दीर्घकालीन शान्ति, स्थायित्व र समृद्धिको उद्देश्यसहित आफैंले गरेका सम्झौताको कार्यान्वयनका लागि पक्षहरू अगाडि बढ्न भन्ने महासचिव तथा संयुक्त राष्ट्रसंघको सशक्त चाहना छ। यसका अतिरिक्त शान्ति प्रक्रियाका विभिन्न जटिल मुद्दाहरूको सकारात्मक समाधानका लागि धैर्यता र दिगो प्रयास आवश्यक हुन्छ भन्ने कुरा संयुक्त राष्ट्रसंघले बुझेको छ।

ICC Complex, New Baneshwor, GPO Box: 15211, Kathmandu, Nepal, Tel: + 977-1-5010036/37/38, Fax: +977-1-5010040